## प्रेस नोटः

कोरोना भाइरसको दोश्रो लहरले फिदिम नगरपालिकाभित्र पनि संक्रमितको संख्या बढेको छ । नगरपालिकाभित्र आजका मिति सम्म १७१ महिला र २४२ पुरूष तथा १५ वर्ष मुनिका ३१ जना बालबालिका संक्रमित भएका छन। उपमेयर सहित नगरपालिका कार्यालयका ४ जना कर्मचारी संक्रमित भएका छन। यसमा भएका कमजोरी औंल्याउदै सुधारका सुझाव र उपाय सहित आ-आफ्नो क्षेत्रबाट गर्न सक्ने सकारात्मक पहलबाट मात्र महामारीको मारमा आम नागरिकको सुरक्षा गर्न सकिन्छ । आइसोलेसन र स्वास्थ्य र सुरक्षाका मापदण्ड अवलम्बन सहितको अनुशासन नै यसबाट बच्ने उपाय हो । स्वास्थ्य र सुरक्षाका मापदण्ड पालना, अबलम्बन र आत्म अनुशासन सहितको सचेतना नै यसको रोकथाम, नियन्त्रणको अचुक औषधी हो।

स्वास्थ्य र सुरक्षाका विषयमा स्थानीय रूपमा सुरक्षा निकाय र नगरपालिकाबाट माइकिङ र स्थानीय एफएममा सूचना वजाएर नियमित संप्रेषण गरिएको छ। स्वास्थ्य र सुरक्षाको लागि वडा तथा स्वास्थ्य चौकी र केन्द्रमा आधारभुत स्वास्थ्य सामग्री व्यवस्था र वितरण गरिएको छ। केशको पहिचान तथा कन्ट्याक्ट ट्रेसिङका लागि CICT टीम, फोकल पर्सन एवं टेलि काउन्सेलिङका लागि परामर्श टोली परिचालित छन। एन्टिजेन किट तथा पिसिआर विधिबाट केशको परीक्षण र निदान गर्न अस्पताल, स्वास्थ्य कार्यालय र प्रयोगशालाको समन्वयमा व्यवस्था मिलाइएको छ। स्वाव संकलन, ढुवानी र परीक्षण एवं अस्पतालमा उपचारका लागि ल्याउनुपर्ने विरामीको परिवहन सुविधा नगरपालिकाले व्यवस्थापन गरेको छ । बजारक्षेत्रमा दमकलबाट किटनासक औषधी छर्ने कार्य गरेको छ। कोभिड संक्रमितको उपचार र शब व्यवस्थापनमा खटिने सुरक्षाकर्मी र स्वास्थ्यकर्मीहरूको लागि स्थानीय तह तथा सरोकारवाला निकायहरूको सहभागीतामा आइसोलेसन व्यवस्थापन भएको छ।

नगरका निजी अस्पतालहरू समर्पित हस्पिटल प्रा लि संग १० र पाथीभरा अस्पतालसंग ३ शैयाको आइसोलेसन कोभिड उपचार युनिट सञ्चालन गर्न संझौता भइ उपचार शुरू भएको छ । पाँचथर जिल्ला अस्पतालमा HDU कक्षमा उपचार कार्य अस्पतालकै पहल र प्रयत्नमा भइरहेको छ । जिल्ला अस्पतालमा आइसियु तथा भेन्टिलेटरको व्यवस्था गर्न पूर्वाधार तथा जनशक्ति व्यवस्थापनको काम भइरहेको छ । अस्पतालको स्तरोन्नती तथा उपचार सेवा विस्तार गर्न नगरपालिकाले अस्पताललाई रू २० लाख अनुदान उपलब्ध गराएको छ। यस्तै कोभिड संकट व्यवस्थापन केन्द्रबाट आवश्यक एकिकृत सेवा प्रवाह गर्न सबै स्थानीय तहहरूको सहभागीतामा एकिकृत कोभिड संकट व्यवस्थापन कोष परिचालन गर्ने नीति बनाइएको छ। यसमा फिदिम नगरपालिकाबाट रू ६ लाख अनुदान रकम हस्तान्तरण भइसकेको छ।

कृषि सामग्रीको भवनमा शसस्त्र बल हिमशिखर गुल्म र नगरपालिकाको सहभागीतमा २९ बेडको क्वारेन्टाइन व्यवस्थापन भएको छ। विरामीलाई योग, ध्यान, औषधी तथा अन्य परामर्शमा सहजीकरण गर्न पतञ्जली योग समिति, आयुर्वेद स्वास्थ्य केन्द्र तथा फोकलपर्सनहरूको फोन नं सार्वजनिक गरिएको छ । आवश्यकता अनुसारको परामर्श लिन सक्ने व्यवस्था मिलाइएको छ। DCCMC को निर्णयानुसार संक्रमितको घरदैलोमा परामर्श र अत्यावश्यक स्वास्थ्य र सुरक्षाका सामग्री पुऱ्याउने हेतु वडाध्यक्ष र सदस्यको संयोजनमा टोल समिति परिचालन गर्ने र अनुगमनका लागि सार्वजनिक निकायका पदाधिकारी परिचालित गर्ने व्यवस्था गरिएको छ । फिदिम नगरपालिका वडा नं १,२ र ४ मा २०७८/०२/१७ गतेदेखि यो काम भएको छ। यसै गरी अन्य पालिका तथा वडामा समेत यो अभियान सञ्चालन तथा विस्तार गर्न सबैबाट सक्रियता र सहयोग हुने अपेक्षा गरिएको छ।

पाँचथर उद्योग बाणिज्य संघले आम नागरिकको सहभागीतमा रकम संकलन गरी पाँचथर जिल्ला अस्पतालमा कोभिड उपचारका लागि अक्सिजन कन्सन्ट्रेटर, सिलिण्डर, अक्सिमिटर तथा अन्य स्वास्थ्य सामग्री व्यवस्थापन गरी हस्तान्तरण गरिसकेको छ। यो अभियानमा सहभागी सम्पूर्ण दानवीर महानुभाव र अभियानकर्ता उद्योग वाणिज्य संघलाई नगरपालिका हार्दिक धन्यवाद व्यक्त गर्दै यस्तो अभियानले नागरिकको जीवनरक्षामा सहभागी हुने प्रेरणा आम नागरिकमा मिलोस शुभकामना व्यक्त गर्दछौं ।

राजनैतिक दल, सामाजिक संघसंस्था, आम नागरिक सम्मिलित सरकारी, सहकारी, निजीक्षेत्रको सहभागीतामा समुदायमा सचेतना, परामर्श, सहजीकरण अभियान सञ्चालन गर्दै महामारीको चक्रबाट मुक्त हुन आम जनसमुदायमा नगरपालिका हार्दिक अनुरोध गर्दछ।

फिदिम नगरपालिका, पाँचथर
२०७८/०२/१९

प्रमुख प्रशासकिय अधिकृत
क.सं.नं.-११२६६२

फिदिम नगरपालिका, पाँचथर, नेपाल २०७४